# विशिष्टीकरण तालिका

विषय : अनिवार्य नेपाली | पूर्णाङ्क : १००

| क्र.सं | क्षेत्र (पढाइ र लेखाइ) | विधा / परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहा-रिक सीप | उच्च दक्षता | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | समय (मिनेटमा) | |
| १. | शब्दभण्डार | शब्दार्थ | १ | | | | १ | १ | ४ | ७ | पाठमा प्रयोग भएका कुनै आठओटा (तत्सम ४, तद्भव २ र आगन्तुक २) शब्द र अर्थ दिई जोडा मिलाउन लगाउने । |
| | | शब्द ज्ञान | १ | | | | १ | १ | ३ | ५ | पाठमा प्रयुक्त अनेकार्थीबाट २, पर्यायवाचीबाट २,विपरीतार्थीबाट १ र श्रुतिसमभिन्नार्थीबाट १ गरी जम्मा ६ ओटा शब्द निर्देश वा सङ्केतबमोजिम लेख्न लगाउने । |
| | | वाक्यमा प्रयोग | | | १ | | १ | १ | ५ | ९ | पाठमा प्रयुक्त विभिन्न प्रकृतिका शब्द (अनुकरणात्मक शब्द-१, पारिभाषिक शब्द -१, उखान -१,टुक्का - १ र निपात -१ दिई वाक्यमा प्रयोग गर्न लगाउने । |
| २. | हिज्जे (वर्णविन्यास) र लेख्यचिह्न | शुद्धीकरण | | | १ | | १ | १ | ३ | ५ | एउटा शब्दमा एउटा मात्र अशुद्धि पर्ने गरी वर्णविन्यास चारओटा(ह्रस्वदीर्घ,पदयोग पदवियोग) र लेख्यचिह्न दुईओटा पर्ने गरी छओटा अशुद्धि भएको गद्यांश दिई शुद्ध गर्न लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ४ | ह्रस्वदीर्घ,श-ष-स,ब-व र पञ्चम वर्णबाट चारओटा बहुवैकल्पिक प्रश्न सोध्ने । |
| ३. | व्याकरण | शब्दवर्ग | | | १ | | १ | १ | ४ | ७ | आठओटा विभिन्न शब्दवर्गका शब्द रेखाङ्कन गरी छुट्याउन लगाउने । पदवर्ग छुट्याउँदा नाम,सर्वनाम,विशेषण,क्रिया,क्रियायोगी,नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात नै लेख्नुपर्ने |
| | | शब्दनिर्माण | | | १ | | १ | १ | २ | ३ | दुईओटा उपसर्ग र दुईओटा प्रत्यय सोधी शब्द निर्माण गर्न लगाउने वा चारओटा शब्द दिई आधार पद छुट्याउन लगाउने । |
| | | | | | १ | | १ | १ | २ | ३ | समासबाट दुईओटा र विग्रहबाट दुईओटा प्रश्न सोधी समास वा विग्रह गर्न लगाउने । |
| | | काल, पक्ष र भाव | | | १ | | १ | १ | ५ | ९ | काल र पक्षबाट तीनओटा र भावबाट दुईओटा धातु सङ्केत गरी पाँचओटा वाक्यका खाली ठाउँ भर्न लगाउने । |
| | | वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण | | | १ | | १ | १ | ५ | ९ | वाच्य १, करणअकरण १ र कोटि (लिङ्ग, वचन, पुरुष,आदर,विभक्ति प्रयोग) १,वाक्य १ र प्रेरणार्थ १ पर्ने गरी ५ प्रश्न सोधी परिवर्तन गर्न लगाउने । अथवा पाँचओटा सरल वाक्य दिई वाक्यसंश्लेषण गर्न लगाउने । |

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा / परीक्षणीय पक्ष | ज्ञान | बोध | व्यावहा-रिक सीप | उच्च दक्षता | प्रश्न सङ्ख्या, अङ्क भार र समय | | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा प्रश्न | उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या | अङ्कभार | समय (मिनेटमा) | |
| ४. | बोध (अदृष्टांश) | बोध प्रश्नोत्तर | | १ | | | १ | १ | ५ | ९ | विभिन्न लेखरचनाहरूबाट १५० शब्दसम्मको अदृष्टांश गद्यांश दिई त्यससम्बन्धी एक वा दुई वाक्यमा उत्तर आउने खालका कुनै पाँच प्रश्न सोध्ने । |
| ५. | बुँदाटिपोट र सारांश (दृष्टांश) | बुँदाटिपोट र सारांशलेखन | | | | १ | १ | १ | ५ | ९ | गद्य विधाका पाठबाट १५० शब्दसम्मको गद्यांश दिई बुँदा टिपोट गरेर सारांश लेख्न लगाउने । |
| ६. | निर्देशित रचना | कथा वा जीवनी लेखन | | | | १ | १ | १ | ५ | ९ | बुँदा दिई कथा र जीवनीबाट दुई प्रश्न सोधी कुनै एक गर्न लगाउने । |
| ७. | व्यावहारिक लेखन | चिठी | | | १ | | १ | १ | ५ | ९ | व्यापारिक वा व्यक्तिगत वा निवेदन क्षेत्रमध्येबाट चिठी लेख्न लगाउने । |
| ८. | स्वतन्त्र रचना | वादविवाद, संवाद र मनोवाद | | | | २ | २ | १ | ५ | ९ | वदविवाद,संवाद  र मनोवादमध्येबाट दुई प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने । |
| | | निबन्ध | | | | १ | १ | १ | १० | १८ | आत्मपरक एउटा र वस्तुपरक दुईओटा पर्ने गरी कुनै तीन शीर्षक दिने र तीमध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई निबन्ध लेख्न लगाउने । |
| ९. | सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | ५ | ९ | फरकफरक  विधाबाट दुई विशिष्ट पङ्क्ति दिई कुनै एकको प्रसङ्गसहित व्याख्या गर्न लगाउने । |
| १०. | पाठगत प्रश्नोत्तर (सङ्क्षिप्त उत्तरात्मक) | कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनी | १ | २ | | १ | ३ | २ | १० | १८ | निर्धारित विधाहरू कथा, कविता, निबन्ध/प्रबन्ध, रूपक, जीवनीबाट मूल भाव, घटना, सन्देश, चरित्र आदिका सम्बन्धमा तीनओटा सङ्क्षिप्त उत्तरात्मक प्रश्न सोधी दुईओटाको उत्तर दिन लगाउने । |
| | | तार्किक शिल्प | | | | १ | १ | १ | ५ | ९ | निर्धारित विधाका कुनै प्रसङ्ग दिई विचार तथा तर्कले पुष्टि गर्ने खालको प्रश्न सोध्ने । |
| ११. | विवेचना | कथा, निबन्ध/प्रबन्ध, जीवनी | | | | २ | २ | १ | १० | २० | कथा, जीवनी र निबन्ध/प्रबन्धमध्ये कुनै दुई विधाबाट विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गर्ने खालका दुई प्रश्न सोधी एक प्रश्नको उत्तर दिन लगाउने । |
| | | | ३ | ३ | ९ | ११ | २५ | २१ | १०० | ३ घण्टा | |

**द्रष्टव्य :**

(क) **ज्ञान : विशिष्ट तथ्य, पुन:स्मरण, प्राप्त सूचना र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका निर्णयात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।**

(ख) **बोध : विद्यार्थीले सिकेका कुराहरूको व्याख्या र वर्णन गर्ने क्षमताको मूल्याङ्कन गर्ने खालका प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।**

(ग) **व्यावहारिक सीप : यसमा प्रयोग गर्ने र संयोजन गर्ने जस्ता व्यावहारिक क्षमतासम्बन्धी प्रक्रियागत र अवस्थागत ज्ञानसम्बद्ध प्रश्नहरू सोधिने छन् ।**

(घ) **उच्च दक्षता : विचारको संयोजन र मूल्याङ्कन गर्ने क्षमतासम्बन्धी कार्यात्मक ज्ञानसम्बद्ध प्रश्नहरू यसअन्तर्गत सोधिने छन् ।**